म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १०२ शनिबार, ४ मंसिर २०७८ प्रतिपदा ने. सं. ११४२ कछलाथा 20 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चरित्र हत्या गर्ने पक्राउ

काठमाडौं (रासस)/नेपाल प्रहरीले सामाजिक सञ्जाल इन्स्टाग्राम तथा फेसबुकमार्फत नाबालिकाको चरित्र हत्या गर्ने एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीको साईबर ब्यूरोले सामाजिक सञ्जाल इन्स्टाग्राम तथा फेसबुकमार्फत नाबालिका तथा युवतीलाई साथी बनाएर धाकधम्की देखाई नग्न तस्बीर तथा भिडियो पठाउन लगाएर पीडा दिने काठमाडौं महानगरपालिका-२२ भोटेबहालका २० वर्षीय लव खड्गीलाई बिहीबार पक्राउ गरेको हो ।

ब्यूरोका प्रवक्ता एवम् प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) नविन्द अर्यालले सामाजिक सञ्जालको दूरुपयोग गरी चरित्र हत्यामा सङ्लग्न भएकाले खड्गीलाई बिहिबार पक्राउ गरी आज सार्वजनिक गरिएको जानकारी दिए । प्रहरीले विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौँको अनुमति लिएर पक्राउ गरेको हो । पक्राउ खड्गीलाई जिल्ला अदालत काठमाडौँको आदेशअनुसार पाँच दिन म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता अर्यालले बताए ।

कांग्रेस क्षेत्रीय अधिवेशन

## प्रदेशसभा क्षेत्र १ (क)मा श्रेष्ठ निर्विरोध

साझाकुरा संवाददाता



हेटौंडा/मकवानपुरमा नेपाली कांग्रेसको प्रदेश सभा अन्तर्गतका क्षेत्रहरुको क्षेत्रीय निर्वाचन सकिएको छ ।

चार क्षेत्रमध्ये निर्वाचन प्रक्रिया अन्तर्गत मतदानपछि मतगणनाको सबै विवरण आउन बाँकी छ । शुक्रबार रातीसम्मको परिणाम अनुसार मकवानपुरको प्रदेश सभा क्षेत्र नम्बर १ क सभापतिमा शुसान्त श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् ।


बाँकी तीन क्षेत्रमा सभापति, कार्यसमिति र प्रदेश महाधिवेशन प्रतिनिधिमा मतदान प्रक्रिया भएको थियो । क्षेत्र १ 'क' मा उपसभापतिमा कमला कुमारी वाइबा, गोपाल बहादुर न्यासुर, सचिवमा भूमिनन्दन गौतम, शंकर कुमार पराजुली, सहसचिवमा अमर सोराली मगर र महेश ढकाल सर्वसम्मत चयन भएका छन् ।

यस्तै प्रत्यक्षतर्फ महिलामा गंगा पराजुली, छाँया अधिकारी, जानुका सिंह ठकुरी, खर्स आर्यतर्फ बालकुष्ण सापकोटा निर्विरोध, आदिबासी जनजाती महिला तर्फ प्रिती ग्यालन र भानु माया सोराली, आदीबासी जनजाती खुल्ला तर्फ दिपक सिंह घलान, भक्त बहादुर राई, शुक्रराज प्राखिन, दलितर्फ अनिल बिक निर्विरोध र मधेशी, अल्पसंख्याक, मुस्लिम लगायतबाट रामशरण माझि सर्वसम्मत भएका छन् ।

यस्तै प्रतिनिधि खुल्ला तर्फ भने सहमति हुन नसक्दा मतदान प्रक्रिया अघि बढाइएको थियो ।

## इसिडी शिक्षिकालाई प्रोत्साहन कार्यक्रम

साझाकुरा संवाददाता



**सामुदायिक विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र (इसिडी)मा कार्यरत शिक्षिकहरुलाई अवकास प्रोत्साहन कार्यक्रम ल्याइएको हो । गाउँपालिकाले उक्त कार्यक्रमका लागि चालू आवमा १० लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ ।**

हेटौंडा/मकवानपुर गढी गाउँपालिकाले इसिडी शिक्षिकाहरुलाई प्रोत्साहन कार्यक्रम ल्याएको छ ।

गतवर्ष विद्यालयमा अध्यापनरत् शिक्षकहरुका लागि स्वर्णिक अवकास कार्यक्रम ल्याएको गाउँपालिकाले चालू आर्थिक वर्ष २०७८/०७९ मा इसिडी शिक्षिकाको लागि कार्यक्रम ल्याएको हो ।

शिक्षा क्षेत्रको विकासमा उल्लेख्य बजेट विनियोजन गरेर काम गर्दै आएको मकवानपुरगढी गाउँपालिका कार्यालयले इसिडी शिक्षिका अवकास कार्यक्रम ल्याएको शिक्षा शाखा प्रमुख रामबहादुर घलानले जानकारी दिए ।

सामुदायिक विद्यालय र समुदायमा आधारित बालविकास केन्द्र (इसिडी)मा कार्यरत शिक्षिकहरुलाई अवकास प्रोत्साहन कार्यक्रम ल्याइएको हो । गाउँपालिकाले उक्त कार्यक्रमका लागि चालू आवमा १० लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

गाउँपालिकाभित्र विद्यालय र समुदायमा गरी ५४ वटा इसिडी सञ्चालित छन् । जसमा ५४ जना महिला सहजकर्ता कार्यरत रहेको शिक्षा शाखा प्रमुख घलानले जानकारी दिए । एसईई नगरेका सहजकर्ताहरुले गाउँपालिकाको अवकास प्रोत्साहन कार्यक्रममा सहभागी हुन पाउने जनाइएको छ । कार्यालयका अनुसार एसईई पास नगरेकाले मात्र नभई इच्छुक सबै शिक्षिकाले पनि यो कार्यक्रममा सहभागी हुन पाउनेछन् । संघीय सरकारले इसिडी सहजकर्ताको न्यूनतम योग्यता एसईई हुनुपर्ने नीति ल्याएकाले गाउँपालिकाले पनि अवकास प्रोत्साहन कार्यक्रम ल्याएको घलान बताउँछन् ।

गाउँपालिकाले यसवर्ष न्यूनतम योग्यता पुऱ्याउन एकवर्षको समय दिएको शिक्षा शाखा प्रमुख घलानले जानकारी दिए । बालविकास केन्द्रका सहजकर्तालाई एसइई गरेकालाई मात्रै नियुक्त गर्ने प्रावधान ल्याइसकेको कारण यसलाई मध्यनजर गरेर एकवर्ष योग्यता पुऱ्याउन गाउँपालिकाले समय दिएको घलानले बताए । पालिकाभित्रका ५४ जना सहजकर्तामध्ये एसईई पास नगरेका करिब ९ जना रहेको गाउँपालिकाको रेकर्डमा छ ।

बालविकास केन्द्रमा १५ वर्ष वा सो भन्दा बढी सेवा अवधि भएकालाई १५ महिना बराबरको तलब रकम, १० वर्षदेखि १५ वर्ष सेवा अवधि भएकालाई १२ महिना बराबरको तलब रकम, १० वर्ष भन्दा मुनी सेवा अवधि भएकालाई १० महिना बराबरको तलब र कम प्रोत्साहन कार्यक्रममा सहभागी भए दिइने घलानले जानकारी दिएका छन् ।

गतवर्ष गाउँपालिकाले विद्यालयका शिक्षकहरुका लागि शिक्षक स्वर्णिम अवकास प्रोत्साहन कार्यक्रम ल्याएको थियो । जसमा १३ जना शिक्षकहरु सहभागी भएका थिए ।

## प्रदेशसभा १ (ख)मा बानियाँको प्यानलनै बिजयी

साझाकुरा संवाददाता



हेटौंडा/नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत शुक्रबार भएको मकवानपुर प्रदेशसभा क्षेत्र नम्बर १ (ख)को क्षेत्रीय अधिवशेनमा सभापतिका उम्मेदवार राजेश बानियाँको प्यानलनै विजयी भएको छ ।

हेटौंडा उपमहानगर पालिका ५ नम्बर वडा अध्यक्षसमेत रहेका बानियाँ केन्द्रीय सभापति शेर बहादुर देउवा पक्षबाट उम्मेदवार बनेका थिए । सभापति पदमा बानियाँले देउवा इत्तर खेमाका रमेशध्वज कार्कीलाई पराजित गरेका हुन् ।

बानियाँले १ सय ७७ र कार्कीले ८३ मत पाएका छन् । उपसभापति पदमा बानियाँ प्यानलबाट बिनोद शर्मा र शुक्रराज जोशी निर्वाचित भएका छन् । शर्माले १ सय ६० र जोशीले १ सय ५६ मत पाएका थिए । कार्की प्यानलबाट रिना गौतमले ९३ र सुवास न्यौपानेले ७६ मतमै चित्त बुझाए ।

सचिवमा बानियाँ प्यानबाटै गोकर्ण सुवेदी र प्रदीप कँडेल निर्वाचित भएका छन् । सुवेदीले १ सय ८० र कँडेलले १ सय ९२ मत पाएका थिए । कार्की प्यानलका बिक्रम लामा १ सय ६ मतका साथ पराजित भए । यसैगरी उपसचिवमा केदारप्रसाद ढोडारी र सानुकान्छा दोङ्ग निर्वाचित भए । ढोडारीले १ सय ८८ र दोङ्गले १ सय ९६ मत पाए । ढोडारी र दोङ्ग दुबै बानियाँ प्यानलबाट उम्मेदवार बनेका थिए । पराजित व्यहोरेका कार्की प्यानलका एक्काबहादुर मुक्तानले १ सय ४ मतमा चित्त बुझाउँदै पराजित व्यहोरे ।

## स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न म तत्पर छुः *नेता लामिछाने*



साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेसको १४ औं महाधिवेशनका लागि प्रचारप्रसारमा जुटिरहेका नेता जयराम लामिछानेले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न आफु तत्पर रहेको दाबी गरेका छन् ।

पूर्वी मकवानपुरको बागमतीमा गाउँपालिकामा आयोजित कार्यकर्ता भेलामा उनले यस्तो बताएका हुन् । नेता लामिछानेले बागमती गाउँपालिकाभित्र निजी खर्चमा चार किलोमिटर सडक ग्राभेल गर्ने व्यवस्था गर्ने बताउँदै पालिकाभित्रका हरेक वडालाई दुई-दुई करोड रुपियाँ बजेट उपलब्ध गराउन दातृ निकायसँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले स्थानीयस्तरमा रोजगारी अवसर सिर्जना गर्न आफूले योजना तयार गर्दै गरेको जानकारी दिए । भेलामा लामिछानेले स्थानीयलाई खानेपानीको व्यवस्था गर्न पानी तान्ने मोटरसहित खानेपानीको पाइपसँग स्थानीय खेलाडीहरुलाई जर्सी हस्तान्तरण गरेका थिए । भेलामा कांग्रेस मकवानपुरका पूर्वसभापति माइकल रामचन्द्र अर्यालले काँग्रेसलाई संस्थागतसँगै रुपान्तरण गर्ने नेतृत्व अबको आवश्यकता भएको बताए ।

भेलामा काँग्रेस महासमिति सदस्य धर्मराज लामिछाने, काँग्रेस मकवानपुरका जिल्ला सदस्य इन्दिरा न्यौपाने, बागमती गाउँपालिकामा पार्टी सभापति फणिन्द्र तिमिल्सिना, पूर्वसभापति भक्तबहादुर राई, नेपाल तरुण दलका जिल्ला सभापति सन्तोष न्यौपाने, क्षेत्रीय प्रतिनिधि पंकज थापा मगर, वडा नं १ का वडाध्यक्ष खगेन्द्र वाइवालगायतका उपस्थिति रहेको थियो ।

## सरसफाइमा आफैं कस्सिए मेयर महत

साझाकुरा संवाददाता



हेटौंडा/देशका प्रमुख शहरमध्ये हेटौंडा स्वच्छताको दृष्टिकोणले उपयुक्त हुनुका साथै सर सफाईमा सम्मानित नगर हो ।

उपमहानगरपालिका कार्यालयले नगरको सरसफाईमा विशेष ध्यान दिँदै आएको छ । तर , नगरका सबै स्थानमा सरसफाई भने गर्नबाट उपमहानगर अझै चुकेको छ ।

सफा सहरबाट पुरस्कृत हेटौंडा उपमहानगरका मेयर आफैं सरसफाईमा निस्किएका छन् । हेटौंडा-४ हुप्रचौरको सरसफाईमा मेयर हरिबहादुर महत जुटेका हुन् ।

उनको नेतृत्वमा नगर प्रहरीले हुप्रचौरको सरसफाई गरेको हो । हुप्रचौरमा घाँस र अन्य फोहोर थुप्रिएपछि नगर प्रहरीको सहयोगमा सरसफाई गरिएको हो ।

हुप्रचौर सरसफाई अभियान नै बनाइएको छ । प्रहर प्रहरी प्रमुख नेत्र ढकालले अभियान अनुसार नगर क्षेत्रको ठूलो खुला क्षेत्रलाई सरसफाई गरिनेब ताए । यसअघि करिब दुई महिनाअघि हुप्रचौर सरसफाई गरिएको थियो । यसअघि जनसमुदाय, सुरक्षा निकायले विशेष कार्यक्रम बनाएर हुप्रचौर सफाई गर्दै आएकोमा यसपाली नगर प्रहरीले सरसफाई गरिरहेको हो । नगर प्रहरी प्रमुख ढकालका अनुसार हुप्रचौरको सरसफाईमा निरन्तरता दिने बताए ।

## रक्तअभाव टार्ने सहयोगी बन्यो युवा संघ

साझाकुरा संवाददाता




हेटौंडा/युवा संघ नेपाल हेटौंडा उपमहानगर कमिटीको पहलमा पदमपोखरीम भएको रक्तदान कार्यक्रममा ६५ जनाले रगत दिएका छन् ।

हेटौंडामा रगतको अभाव भएको खबरपछि युवा संघ नेपाल हेटौंडा-१२ र १३ नम्बर वडा कमिटीले रक्तदान कार्यक्रम आयोजना गरेको थियो । उक्त र क्तदान कार्यक्रमको संयोजन तथा पहल युवा संघ नगर कमिटीले गरेको थियो ।

रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको युवा संघ नगर कमिटी अध्यक्ष राजेश नगरकोटीले जानकारी दिए । कार्यक्रममा ६५ जनाले रगत दिएको नगरकोटीले बताएका छन् ।

युवा संघ नेपालका केन्द्रीय सदस्य नरेन्द्र भण्डारीले युवा संघका उपमहानगर कमिटी अध्यक्ष नगरकोटीलाई ब्लड व्याग हस्तान्तरण गर्दै कार्यक्रम उद्घाटन गरेका थिए । हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख हरिबहादुर महतको प्रमुख आतिथ्यता तथा युवा संघ १३ नम्बर वडा अध्यक्ष सिन्धु लामा थोकर र १२ नम्बर वडा कमिटी अध्यक्ष महेश भट्टराईको संयुक्त सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक प्रसाद दाहाललगायतको आतिथ्यता थियो ।

यसैगरी रक्तसञ्चार केन्द्रको आकस्मिक रक्तदाताको सूचीमा रहेका १० जनाले रक्तदान गरेका छन् । बिहीबार सबै समूहको रगत अभाव भएसँगै रक्तसंचार केन्द्रमा १० जनाले रक्तदान गरेका थिए ।

## कोरोनाविरुद्ध खोप लगाउने ९० लाख नाघे

हेटौंडा/नेपालमा कोरोना भाइरसविरुद्धको खोपको कम्तीमा पहिलो मात्रा लगाउनेको संख्या ९० लाख नाघेको छ ।

पछिल्लो २४ घण्टामा एक लाख ७३ हजार चार सय ९८ जनाले कोरोनाविरुद्धको खोप लगाएसँगै कोरोनाविरुद्धको खोप लगाउनेको संख्या ९० लाख नाघेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । अहिलेसम्म ९० लाख ८१ हजार ६ सय ५४ जनाले कम्तीमा पहिलो मात्रा खोप लगाएकामा उनीहरूमध्ये ७८ लाख एक हजार पाँच सय ६ जनाले पूर्ण मात्रा खोप लगाएका छन् ।

नेपालमा अहिलेसम्म एक करोड ६८ लाख ८३ हजार एक सय ६० मात्रा खोप प्रयोग भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यसैबीच पछिल्लो २४ घण्टामा दुई सय ९६ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । पीसीआर र एन्टिजेन गरी आठ हजार नौ सय ७२ जनाको नमुना परीक्षण गर्दा तीन दशमलव २९ प्रतिशतमा कोरोना पुष्टि भएको छ ।






यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# बालबालिकालाई यसरी सेक्स र ड्रग्स पस्किदैछ टिकटक

टिकटकमा आफ्नो एकाउन्ट खोलेपछि एक १३ वर्षीय प्रयोगकर्ताले 'अन्ली फ्यान्स' सर्च गर्न थाले । 'अन्ली फ्यान' एडल्टको मनोरञ्जनका लागि आवश्यक सामाग्री अपलोड गर्न चिनिएको साइट हो । यसपछि यी प्रयोगकर्ताले केही भिडियोहरू हेरे, जसमा दुई वटामा पोर्नोग्राफी पनि बेचिरहेको थियो ।

यसपछि यी प्रयोगकर्ताले 'फर यु' फिड नियाले । यहाँ धेरै प्रयोगकर्ताहरूले हेर्ने गरेका लोकप्रिय भिडियोहरू टिकटकले देखायो । तर, बालबालिका प्रयोगकर्ताको सेक्सप्रतिको इच्छालाई एपले बिर्सिएन, तत्कालै उसले यौन सामाग्रीहरू समेटिएका दर्जनौं भिडियोहरू पठायो । त्यस्ता, भिडियोहरू पनि थिए, जहाँ कलाकारहरूले केयर गिभरहरूसँग सम्बन्ध बनाएको अभिनय थियो । एउटा भिडियोमा अत्यन्तै उत्तेजक कपडा लगाएकी एक युवतीलाई पुरुषले भनिरहेका हुन्छन्, 'स्वतन्त्रसँग रोऊ । तिमीलाई थाहा छ यो ड्याडीको फेभरेट हो ।'

जब प्रयोगकर्ताले यौनजन्य सामाग्रीमा धेरै समय बिताउँदै फिडमा आएका भिडियोहरू स्क्रोल गर्न थाले, तब फर यु फिडमा चाँडै नै यस्ता सामाग्री र हिंसाका भिडियोहरू हाबी भयो । यस एपको अल्गोरिदमले ती प्रयोगकर्तालाई त्यस्तो र्‍याबिट होलमा छिराएको थियो, जसलाई धेरै प्रयोगकर्ताहरूले 'किन्कटक' भन्छन् । यसमा कोर्रा, चेन र यातना दिने खालका सामाग्रीहरू हुन्छन्, जसमध्ये केही सामाग्रीहरू टिकटमा प्रतिबन्धित छन् । अमेरिकी सञ्चारमाध्यम वाल स्ट्रिट जर्नल (डब्ल्युएसजे) ले बनाएका दर्जनौं स्वचालित अकाउन्ट (बट्स) मध्ये यो एक थियो ।

टिकटकले युवा प्रयोगकर्तालाई के देखाउँदैछ भनेर बुझ्नका लागि डब्ल्युएसजेले यस्तो गरेको थियो । १३ देखि १५ वर्ष उमेर राखेर रजिस्टर्ड गरिएका यस्ता बटले टिकटकको 'फर यु' फिड चलाइरहेका थिए । यो अल्गोरिदमबाट क्युरेट गरिएको अति गोप्य र कहिल्यै नसकिने फिड हो । यी अकाउन्टमा टिकटकले आफ्ना शक्तिशाली एल्गोरिदममार्फत् पठाएका भिडियोहरूको विश्लेषण गर्दा टिकटकले चाडै बालबालिकाहरूलाई सेक्स र ड्रग्सका असंख्य अत्यहिन भिडियोहरू पठाउन सक्ने देखिन्छ, बालबालिकाहरू यस एपका सबैभन्दा ठुला प्रयोगकर्तामध्ये पर्छन् ।

१३ वर्षका एक बालकको नाममा खोलिएको एकाउन्टमा टिकटकले ड्रग्सको प्रयोग, कोकिनको सिफारिसलगायत विषयसँग सम्बन्धित कम्तीमा ५ सय ६९ भिडियोहरू पठायो, यसमा ड्रग्स उत्पादन र प्रतिबन्धित सामाग्रीहरूको अनलाइन बिक्रीसम्बन्धी प्रवर्द्धनात्मक भिडियोहरू थियो । डब्ल्युएसजेले बालबालिकाका नाममा खोलेका अन्य एकाउन्टहरूमा पनि यस्ता सयौं भिडियो देखिएको थियो । पेड पोर्नोग्राफी साइट र सेक्स सपको सिफारिस गर्ने १ सयभन्दा पनि एकाउन्टका भिडियोहरू बालबालिका किशोर-किशोरीका एकाउन्टमा देखिएको थियो । हजारौं अन्य भिडियोहरू त्यस्ता प्रयोगकर्ताको थियो, जसले आफ्नो सामाग्रीलाई 'वयस्क' का लागि मात्रै भनेर लेखेका थिए ।

कतिले भोजन विकार र अल्कोहलको बढाई-चढाइ गरिरहेका थिए । त्यहाँ मदिरा लिँदै गाडी कुदाइरहेको र ड्रिङकिङ गेम्सका तस्बिर थिए । बालबालिकाका एकाउन्टमा देखिएका ड्रग्स, पोर्नोग्राफी र अन्य यौनजन्य सामाग्रीहरू सम्बन्धी ९ सय ७४ वटा भिडियो जर्नलले टिकटकसँग शेयर गर्‍यो । यसमध्ये जर्नलले पठाउनुअघि नै १ सय ६९ वटा भिडियो टिकटकबाट हटिसकेका थिए । यी भिडियो टिकटकले हटायो वा अपलोड गर्ने व्यक्तिले हटाए भन्ने पत्ता लगाउन सकिएन । बाँकी २ सय ५५ वटा भिडियोहरू कम्पनीलाई जर्नलले पठाएपछि हटाइयो । यसमध्ये दर्जनौं भिडियोहरू वयस्कलाई 'केयरगिभर' को भूमिकामा खेलाएर तयार गरिएका एडल्ट कन्टेन्ट थिए । भिडियोमा केयरगिभरको भूमिका निभाएकी एक युवतीले बालबालिकाहरूको फिडबाट टिकटकले यस्ता वयस्क सामग्री हटाए राम्रो हुने प्रतिक्रिया दिइन् । 'मेरो बायोमा १८ प्लस भनेर उल्लेख गरिएको छ, तर यसलाई नियन्त्रण गर्ने वास्तविक उपाय मसँग छैन,' उनले म्यासेजमा लेखिन्, 'कुनै बालबालिकालाई मेरो कन्टेन्ट देखाउने कुरामा टिकटकसँग म सहमत छैन ।'

टिकटककी प्रवक्ताले व्यक्तिगत भिडियोका कन्टेन्टहरूबारे टिप्पणी गर्न अस्वीकार गरिन्, तर प्रायजसोले निर्देशिका उल्लैन नगरेको दाबी उनले गरिन् । जर्नलद्वारा तयार गरिएका एकाउन्टमार्फत हेरिएपछि टिकटकले केही भिडियोहरू हटाएको उनले बताइन् । उनले एकबाट अर्को प्रयोगकर्तामा सिफारिस गर्ने कार्य बन्द गर्नका लागि अन्य भिडियोहरूको वितरणमा कडाइ गरिएको पनि बताइन्, तर कतिवटा भिडियोबारे यस्तो गरियो भन्ने खुलाइनन् । ती प्रवक्ताका अनुसार टिकटकले वयस्क र बालबालिकालाई पठाउने भिडियोमा फरक गर्दैन, तर युवा र बालबालिका प्रयोगकर्ताका लागि सामाग्रीहरू फिल्टर गर्ने टुल विकास गर्नेबारे टिकटकले सोचिरहेको उनले बताइन् । टिकटकको नीतिले प्रयोगकर्ता कम्तीमा १३ वर्षको हुनुपर्ने र १८ वर्षमुनिका प्रयोगकर्ताले आमा-बाबुको अनुमति लिनुपर्ने भन्छ । 'बालबालिकाको सुरक्षा निकै महत्त्वपूर्ण छ । र, टिनएजरको उमेर अनुसारको अनुभव तथा सुरक्षाको प्रवर्धनका लागि टिकटकले इन्ड्रस्टी-फर्स्ट स्टेप लागु गरेको छ,' प्रवक्ताले पठाएको विज्ञप्तिमा भनिएको छ । आफ्ना बालबालिकाका निम्ति स्क्रिन टाइम र प्राइभेसी सेटिङ म्यानेज गर्ने अनुमति टिकटकले अभिभावकहरूलाई दिएको पनि उनले स्मरण गराइन् ।

**दुर्व्यसनको मेसिन**

जर्नलले यसअघि गरेको अनुसन्धानले देखाएको थियो -प्रयोगकर्ताले के चाहन्छन् भनेर पत्ता लगाउनका लागि टिकटकलाई एउटै प्रमुख सूचना भए पुग्छ : तपाईं कति समय कुन सामाग्रीमा अल्झनुहुन्छ । तपाईं रोकिएको, भिडियो हेर्न अप्ठेरो लागेको वा फेरि भिडियो हेरेको अवस्थालाई एपले जानकारीमा राखिरहेको हुन्छ । यो शक्तिशाली सिग्नलमार्फत टिकटकले तपाईंको दमित इच्छा र भावनाबारे जानकारी हासिल गर्छ । यसपछि आफ्ना कन्टेन्टहरूको 'र्‍याबिट होल' तर्फ प्रयोगकर्तालाई लैजान्छ । यी फिडहरू प्राय: विशेष शीर्षक वा थिमले हाबी हुन्छन् ।

यस्तो अनुभवलाई रोक्न युट्युबजस्ता अन्य सामाजिक सञ्जाल कम्पनीहरूले संघर्ष गरिरहनुपरेको छ । 'हामीले युट्युबमा देखेका सबै समस्याहरू इन्गेजमेन्टमा आधारित एल्गोरिदम्सका कारण हुन् । र, टिकटक पनि ठ्याक्कै यस्तै छ, तर यो थप खराब छ,' युट्युबका पूर्व इन्जिनियर गिलौम चासलोटले भने, 'टिकटकको एल्गोरिदमले चाडै पढ्न सक्छ ।' चासलोटले पहिले युट्युबको एल्गोरिदममा काम गरेका थिए र अहिले यी कम्पनीहरूले यस्ता उपकरण चलाउँदा पारदर्शी हुनुपर्छ भन्ने पक्षमा वकालत गर्छन् । जर्नलले आफ्ना सबै ३१ वटा बालबालिका एकाउन्टमा जन्म मिति र आईपी एड्रेस हालेको थियो । धेरैजसोमा विभिन्न इन्ट्रेस्टहरू पनि प्रोग्राम्ड गरिएको थियो । टिकटकले सम्बन्धित ह्यासट्याग वा तस्बिर, भिडियोमा अल्झिएको वा एक भिडियोबाट चाडै अर्को स्क्रोल भएको पत्तो पाएपछि यसबारे जान्यो । धेरैजसो एकाउन्टहरूले कन्टेन्टहरू सर्च गरेनन्, बरु आफ्नो फिडमा आउने भिडियोहरू हेरे ।

**यसले यसरी काम गर्‍यो**

एउटा बटलाई ड्रग्ससँग सम्बन्धित भिडियोमा रहनेगरी प्रोग्राम्ड गरिएको थियो । टिकटकमा आफ्नो पहिलो दिन यो एकाउन्ट एउटा त्यस्तो भिडियोमा अल्झियो : जहाँ एक महिला जंगलमा अघि बढ्दै थिइन् । क्याप्सनमा उनी गाँजाको खोजीमा छिन् भन्ने संकेत गरिएको थियो । अर्को दिन यो एकाउन्टले गाजाको थिममा तयार गरिएको केकको भिडियो पनि हेर्‍यो । लगत्तै यो बालबालिका एकाउन्टको फिडमा ड्रग्स र ड्रग्सको प्रयोगबारे विज्ञापन गरिएका, गाँजाको विज्ञापन गरिएका हजारौं भिडियोहरू आउन थाले । एउटा भिडियोमा चुरोट तानिरहेका एक व्यक्ति थिए र उनले '४२० फ्रेन्डली (गाँजाको कोड) वेबसाइटबारे बोलिरहेका थिए । उनले सबैलाई राम्रो गाँजा उपलब्ध गराउने पनि बताइरहेका थिए ।

१३ वर्षे बालबालिकाको रजिस्टर्ड एकाउन्टमा भिडियो देखाइएको विषयमा प्रश्न राख्दा ४२० फ्रेन्डली वेबसाइटको प्रवर्धन गरिरहेका सर्जकले कुनै प्रतिक्रिया दिएनन् । अन्त्यमा, जर्नलका ३१ वटा एकाउन्टमध्ये झन्डै एक दर्जन एकाउन्टहरूमा यस्तै कुनै विशेष थिम हाबी भएको थियो । द चाइल्ड माइन्ड इन्स्टिच्युटका मनोविद् डेभिड एन्डरसनका अनुसार बालबालिकाका लागि यो समस्याग्रस्त हुनसक्छ, विशेष गरी त्यस्ता बालबालिकाका लागि जोसँग भिडियो बन्द गर्न सक्ने क्षमताको कमी छ वा जसको आसपास सहयोगी वयस्कहरू छैनन् । उनका अनुसार त्यस्ता किशोरहरूले एउटा 'पूर्ण हावाहुरी' को अनुभव गर्छ सक्छन् र सामाजिक सञ्जालले ड्रग्स वा अन्य विषयलाई पस्कने तरिकाले जुन छ, त्यसले उनीहरूलाई प्रभावित गर्न सक्छ । धेरै शीर्षकमा इन्ट्रेस्ट व्यक्त गर्ने गरी प्रोग्राम गरिएका जर्नलका एकाउन्टहरूलाई पनि टिकटकले कहिलेकाहीँ एकै शीर्षकमा लैजान्थ्यो र त्यही एक विषयबारे सयौं भिडियोहरू पठाउँथ्यो ।

धेरैवटा विषयमा इन्ट्रेस्ट व्यक्त गर्ने एक एकाउन्टलाई टिकटकले सयौं जापानिज फिल्म र टेलिभिजन कार्टुनहरू देखायो । १ सय ५० वटा भिडियोको एउटा लहरमा चारवटा जापानिज फिचर एनिमेसनहरू छाड्ने हो भने धेरैजसो यौन थिममा आधारित थिए । टिकटककी प्रवक्ताका अनुसार 'जर्नलले तयार गरेका बट्स (स्वचालित एकाउन्ट) ले वास्तविक व्यक्तिको व्यवहार र भिडियो हेर्ने अनुभवको प्रतिनिधित्व गर्न सक्दैनन् ।' किनकि, मानिसका इन्ट्रेस्ट विविध र परिवर्तन भइरहने खालका हुने उनको तर्क छ । विशेष गरी बालबालिका र युवा प्रयोगकर्ताहरूमा खराब प्रभाव पर्न नदिने गरी कसरी सुधारका काम गर्ने विषयमा टिकटकले समीक्षा गरिरहेको उनले बताइन् । जब प्रयोगकर्ताहरूले आफूले हेर्न नचाहेका सामाग्री देख्छन्, तब उनीहरूले 'नट इन्ट्रेस्टेड' बटन थिचेर त्यस्ता सामाग्री कम गर्न सक्ने उनले बताइन् । जर्नलले धेरैजसो एकाउन्टहरूलाई पटक-पटक यौनजन्य शब्द र तस्विरहरूसहितका भिडियो हेर्ने गरी प्रोग्राम गरेको थियो, र चाडै यस्ता एकाउन्टहरू यौनजन्य सामाग्रीको 'र्‍याबिट होल' मा छिरे । जसमध्ये यो एक हो । फिडमा आउने दर्जनौं भिडियोहरूले प्रयोगकर्तालाई 'अन्ली फ्यान्स डटकम' जस्ता पेजको लिङ्क फलो गर्न प्रेरित गरिरहेका थिए । यो सब्सक्रिप्सनमा आधारित सामाजिक सञ्जाल प्लेटफर्म हो, जहाँ यौनजन्यस सामाग्रीसहितका एडल्ट कन्टेन्ट देखाइन्छ । अन्य पोस्टहरूले यौन पसल र स्ट्रिप क्लबको विज्ञापन गरेका थिए ।

अहिले हटाइएका केही भिडियोहरूमा 'युरोपेली र अमेरिकी' प्रेमिका खोजिरहेका युवतीहरू देखिन्थ्यो र उनीहरूको फोन नम्बर पनि राखिएको थियो । पेड पोर्नोग्राफीलाई प्रवर्धन गर्ने दर्जनौं भिडियोहरू अहिले टिकटकबाट हटेका छन् । केही घटनामा टिकटक बनाउनेहरू पनि आफ्नो मनसायबारे स्पष्ट छन् । उनीहरूले आफ्ना भिडियो बालबालिकाले नहेरुन् भन्ने चाहेका छन् । त्यसैले उनीहरूले आफ्नो भिडियो वा एकाउन्टलाई 'वयस्कहरूका लागि मात्रै' भनेर लेखेका छन् । तर, यस्तो लेखिएका भिडियो पनि टिकटकले अन्य एकाउन्टमा पठाएको छ ।

२ सय भिडियोहरूको एउटा लहरमा झन्डै ४० वटा भिडियोमा 'वयस्कहरूका लागि मात्रै' लेखिएको थियो । समग्रमा कम्तीमा त्यस्ता २८ सय भिडियोहरू जर्नलका बालबालिका एकाउन्टमा आएका थिए । यौनजन्य गतिविधिको प्रवर्धन गर्ने यस्ता भिडियोहरूले टिकटकलाई पनि चिन्तामा पारेको छ । 'अन्ली फ्यान्स' मा मानिसहरू जानका लागि प्रेरित गर्ने भिडियो अति हाबी भएपछि २०२० मा कम्पनीकी चिफ अपरेटिङ अफिसर भेनिस्सा पापास्सले कर्मचारीहरूसँग किन यस्तो भयो भनेर बैठकमा सोधेकी थिइन् ।

उक्त बैठकपछि सुरु टिकटकले 'अन्ली फ्यान्स' लिङ्क गर्ने सामाग्रीहरूमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । यस वेबसाइटका अधिकांश सामाग्री यौनजन्य छन् भन्नेमा कर्मचारीहरू विश्वस्त थिए । यस निर्णयबाट जानकार रहेको एक व्यक्तिले जर्नलसँग भनेका छन् । तर, यस प्लेटफर्मले यसपछि पनि यस साइटलाई लिंक गर्ने अनुमति प्रयोगकर्ताहरूलाई दियो । 'अन्ली फ्यान्स' मा सबै सामाग्री यौनजन्यमात्रै नरहेको र अन्य सामाजिक सञ्जालहरूले पनि आफ्ना कन्टेन्टमा यस साइटलाई लिंक गर्न दिएको अन्य कर्मचारीहरूले औँल्याएपछि यस्तो निर्णय भएको थियो । टिकटककी प्रयोगकर्ताको दाबीअनुसार यस प्लेटफर्मले नग्नता र यौनजन्य सामाग्रीमा रोक लगाउँछ र यौनजन्य सामाग्री हाल्ने 'अन्ली फ्यान्स' जस्ता साइटहरूमा प्रयोगकर्तालाई निर्देशित गर्ने एकाउन्टहरू हटाउँछ । यता, अन्ली फ्यान्सकी प्रवक्ताले यो साइट १८ वर्षमाथिका व्यक्तिहरूका लागि मात्रै भएको बताइन् । टिकटक एकाउन्टहरूले यस साइटमा जानका लागि मानिसहरूलाई प्रेरित गरिरहेको विषयमा उनले कुनै प्रतिक्रिया जनाउन मानिनन् ।

**नियन्त्रण नीति**

एल्गोरिदम्स् र १० हजारभन्दा बढी व्यक्तिहरूको संयोजनमा टिकटकले भिडियोहरू नियन्त्रण गर्ने काम गरिरहेको छ । कम्पनीले पछिल्लो रिपोर्टमा जनाएअनुसार गत वर्षको अन्तिम ६ महिनाभित्र ८ करोड ९० लाखवटा भिडियोहरू हटाइएका छन् । तर, टिकटक जति धेरै वृद्धि हुँदैछ, त्यति नै नियन्त्रण कठिन बन्दैछ । टिकटकका पूर्व कार्यकारीहरूका अनुसार अहिले यस प्लेटफर्मका झन्डै १० करोड प्रयोगकर्ता अमेरिकामा छन् । जबकि, २०१९ मा यो संख्या २ करोड ५० लाख थियो ।

कम्पनीका अनुसार प्रयोगकर्ताहरूले हरेक मिनेटमा दसौं हजार भिडियो अपलोड गर्ने गरेका छन् । आफ्नो गति कायम गर्नका लागि मोडेरेटरहरूले प्राय: अति लोकप्रिय सामाग्रीमा ध्यान केन्द्रित गर्ने गरेका छन् । अति कम भ्युज भएका भिडियोहरूको प्राय अवस्थामा पुनरावलोकन नहुने पूर्व कार्यकारीहरूले बताए । टिकटकले आफ्ना नियमहरू उल्लैन गर्ने निश्चित खाले भिडियोको पहिचान गर्न र हटाउन तथा आफ्नो नियमलाई थप चुस्त रूपमा लागु गर्नका लागि अमेरिकामा आफ्नो एल्गोरिदम्समार्फत काम गरिने गत जुलाईमा जनाएको थियो । विगतमा टिकटकको एल्गोरिदम्सले नियम तोड्ने भिडियोहरूको पहिचान गरेको थियो । तर, त्यसलाई हटाउनुअघि मानिसहरूले एकपटक पुनरावलोकन गर्ने गरेका थिए ।

आफ्नो बट्स एकाउन्टलाई टिकटकले पठाएका सम्भावित नियमविपरीतका सयौं भिडियोहरू जर्नलले टिकटकलाई पठाएपछि कम्पनीले यस्तो घोषणा गरेको थियो । टिकटकका अनुसार पछिल्लो वर्षदेखि उसले नयाँ प्रणालीको प्रयोग गरिरहेको छ । टिकटककी प्रवक्ताका अनुसार कुनै पनि एल्गोरिदम सामाग्रीहरू पूर्ण रूपमा नियन्त्रण गर्न सक्षम हुनेछैन किनकि भिडियोलाई बुझ्न सन्दर्भको मात्रा फरक हुनसक्छ । यसअघि भोजन विकारबारे प्रवर्धन गरिएका भिडियोहरू हटाउन पनि टिकटकले संघर्ष गर्नुपरेको थियो । *- रातोपाटी*

# साहित्य

## निर्मित दुर्घटना

लघुकथा



लक्ष्मी रिजाल

'म केही जान्दिनँ । साली भेनाको आधा घरवाली हो भन्दै फकाउनु भो । शुरुमा नशालु चकलेट खुवाउनु भो । अहिले यो हालतमा ल्याउनु भो । जे निर्णय गर्दा मेरो हित हुन्छ त्यही गर्नुहोला ।'

हाम्रै दलानमा बसेको पञ्चायतीसामु मैले स्पष्टीकरणको फेहरिस्त प्रस्तुत मतिरै कसैले प्रश्नको घोचो तेर्स्याएको सुनिरहेको थिएँ, 'आफैँले निर्णय गर्ने हो भने पञ्चायतमा किन निवेदन हालेको त ?' लाजले मेरो शिर निहुरिरहेको बखत पुन: अर्को शब्दबाण आएर मेरो मुटुमै लागेको थियो 'उत्तिखेर जोसमा होस गुमाएर पेट बोक्ने ! अहिले पञ्चायतले चोख्याइदिनुपर्ने । रीतिथिति पनि गज्जबै छ बा ।'

अन्तत: पञ्चायतको निर्णयअनुसार क्षतिपूर्तिस्वरूप बाबुआमाले तत्काल तीन र छ महिनापछि दुई लाख पाउने हुनुभो । भिनाजुका तर्फबाट तत्कालै कसैले दुई लाख थन्याइदियो । पञ्चायत उठेर लाखापाखा लागिसकेको थियो । म पनि कोठाभित्र पसेर ओछ्यानमा पल्टेकी थिएँ । बाहिर बाआमाको बातचित पनि झ्यालको चेपबाट चियाएर हेरिरहेकी थिएँ । 'शशिकलालाई लोकसेवाको कोचिङ पढ्ने खर्च भो । त्यो जागिर खान्छे । आफ्नो बाटो आफैँ बनाउँछे । अब एउटा झमेला टाउकोबाट उत्रने भो ।'

बा एक्लै फत्फताएको आमाले सुन्नुभएछ र प्रश्न सोध्नुभयो, टाइफाइट जाँच्दा शशिकलाको गर्भ भको रिपोर्ट बनाउन लगाउनु भो कि क्या हो ? जेठीले पतिप्रेम पाउने सजिलो बाटो यसैलाई ठान्नु भो कि कसो ? हामीले ज्वाइँलाई तिर्न बाँकी डेढ लाख दाइजोबाट उक्सने उत्तम उपाय यसैलाई मान्नुभी कि क्या हो ?'

बाको मुहारको मन्दमुस्कान पढेर उहाँले लख काटिहाल्नुभएको थियो । बाले टाउको हल्लाएर स्वीकार्नासाथ उहाँको अनुहारमा क्रोधको मुस्लो देखापरेको थियो । आमा कुर्लनुभएको थियो 'गलत गर्नुभयो । झुटो बाटो पक्रनुभयो । बिनसित्ती ज्वाइँको हुर्मत लिनुभयो । निर्दोषलाई फसाउनु भो । पापमाथि घोर पाप कमाउनुभयो ।'

'उता जेठीको आँखा नओभाउनुह यता शशिकलाको अमत्याइँ अइच्याउनै नसकिनु । चर्दै र चाख्दै हिँड्ने ज्वाइँ बेलगाम हुनु ।' बाको अगाडिको कथन थियो 'यी सबै कुराले कुनै न कुनै दिन दुर्घटना निम्त्याउँथ्यो नै ।' यी कुरा सुनेर आमा लाटाले पापा हेरेझैँ एकोहोरिनु भएको थियो । आफ्नै सुरमा बुबाको स्वर सुनिएको थियो 'आर्टिफिसियल नै सही अहिले नै घट्यो । बेसै भयो ।' - मझेरीडटकम

## विश्व बदलौं है



कृतिका श्रेष्ठ
कक्षा : ९, नवोदय शिशु सदन

मानिस सबै एउटै हो भनी किन बुझ्दैन
सानो छ पृथ्वी थोरै छ व्यक्ति कहीं यो बिग्दैन
संसार हाम्रो साझा घर मिलेर बसौं है
मानिस सबै एउटै हो भनी अघि बढौं है

विकास गरे हाम्रै फाइदा किन नगर्नु हो
एक अर्का सहयोग गरी पाइला सार्नु हो
वीर गोर्खाली भएको देश सबको साझा घर
खुकुरी बोकी सान बढाइ नमानी केही डर

पछि परे नेपालीहरु अघि सरौं है
वीरहरुको रगतलाई हामी नबिर्सौं है
हामी सबै एउटै हौं, हातेमालो गरौं है
नेपाललाई नेपाल चिनाई विश्वमा बदलौं है

## आमा



सन्तोष कुमार यादव
कक्षा ११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

आमा तिमी जननी हौ
जीवनको आधार तिमी नै हौ
ज्ञान गुण र स्रष्टाको धनी
तिमी नै हौ मेरो जीवन पनि

आमा तिम्रो त्यागको ज्योति
बनरे आयो कलमको मोती
चिन्न सिकायौ अक्षरका माला
तिमी हौ मेरो पहिलो पाठशाला

आमा तिम्रो अपार महिमा
उतार्न सकिनँ पाना पानामा
बगाउँछौ कति प्रेमका धारा
जति छ सप्तकोशीमा सारा

गर्ने छु असल काम सधैं
पार्ने छु तिम्रो शिर सगरमाथा झैं
म परोपकारी बन्ने छु आमा
ठूलो हैन असल कहलाउनेछु आमा

## उदास अलमल



राजेन्द्र शलभ

एक्लै थिएँ म
असमञ्जसमा पनि
सायद केही अपुरोजस्तो
कतै केही नमिलेजस्तो
अलमल... अलमल
जस्तो कि
लेख्दालेख्दै लेख्न नआएजस्तो
बोल्दाबोल्दै शब्द नै हराएजस्तो
शून्य–शून्य ।

भोलिपल्ट बिहानै उठें
(रातभरि नसुतेको पनि हुनसक्छ)
झ्यालबाट चिसो बतास आयो
मैले हावासँग शीतलता मागें
छेउको गमलामा एउटा चरी
चिरबिरचिरबिर गीत गाउँदै थिई
मैले ऊसँग मिठो सुर मागे
घाम लागिसकेको थियो
मैले घामका न्यानोपन मागें
निलो सफा आकाशले
एक टुक्रा बादल पठायो
मैले आकाशको असीमित मागें
खहरेसँग संगीत
रूखसँग छहारी
जंगलसँग सहनशीलता
फूलसँग मुस्कान मागे ।

सबैले सहजै
मागेको कुरा दिए
गीत, सुर, संगीत
न्यानोपन, छहारी, मुस्कान
असीमित, सहनशीलता
यो सबै पाएर म पनि
विशाल भएको अनुभव गर्न थालें
मभित्रको शून्य र अलमल पनि
केही गर्न जुरमुराउन थाले ।

यसरी मस्त मुस्कुराइरहेको कुनै बिहान
कसैको एउटा उदासी
मसँग मुस्कान माग्न आयो–
अलमलमा परें म
स्वार्थले भरिएको थिएँ म
दिन सकिनँ मैले मेरो मुस्कान ।

बतास, आकाश, चरा
घाम, खोला वा फूलले जस्तो
मैले बाँड्न सकिनँ त्यो मुस्कान
र, त्यही दिनदेखि
म फेरि एक्लो भाको छु
उदासउदास र अलमलमा छु ।

कविता

## साथी



मानसिका थापा
कक्षा : ३, नवोदय शिशु सदन

मेरो प्यारो साथी
चढ्छ छत माथि
माथि छ कमिलाको ताँती
कमिलाको ताँती देखिँदैन राति

हामी साथी साथी
मिलीजुली खेलौं
मिलीजुली खानेकुरा
बाँडीचुडी खाऔं

कविता

## उमेरको भऱ्याङ

उमेश अवस्थी आदर्श

पढ्न त खुब पढियो
एक-एक वर्ष हैन
सोह्र-सोह्र वर्ष पढियो
नपढेको कहा हुँ र
खुबै पढेको हुँ पढ्न त
कुरा यत्ति हो
काम मात्रै नलागेको हो, पढेका कुरा ।

पढ्न त सबै पढेको हुँ
केही छैन नपढेको भन्नु
सोह्र-सोह्र वर्षसम्म स्कुलका भित्ताहरू पढें
साथीका अनुहारहरू पढें
किताबमा भएका निर्जीव अक्षरहरू पढें
तीन-तीन मोड भएका
गणितका सुत्रहरू पढें
मरेका दिनहरू पढें
समाज पढे, देश पढें
विश्व पढें, ब्रह्माण्ड पढें
पढें, नौलाख ताराहरू
पढें, सत्ताइस नक्षत्रहरू र सबै-सबै तत्वहरू
यी सबै-सबै पढ्ने म
कहिल्यै पढ्न सकिनँ मैले
आफ्नै घरलाई
यसैले होला घरको एकअक्षर 'घ' पनि थाहा
छैन मलाई ।
पढ्न त पढें वर्षौंसम्म
किताबका पानाहरू पल्टाई-पल्टाई
तर, के चाँहि पढें ?
केही थाहा छैन मलाई ।

सोचें, पढाइको भऱ्याङ चढेर
ठूलो मान्छे बनेको छु
तर, त्यो रहेनछ
म त उमेरको भऱ्याङ चढेर
बुढो मान्छे भएको रहेछु आज
सोचें, कपालहरू फुले पढ्दा-पढ्दै
दाँतहरू झरे, पढ्दा-पढ्दै
दुनियाँले नमस्कार गर्न थाले मलाई
मेरो पढाइ हेरेर
सोचें, विज्ञ हुँदा रहेछन् बुढाहरू
म विज्ञ भएर बुढिएछु

तर, त्यो सब झुटा रहेछ
म त घाम खाँदा-खाँदै
बुढो भएछु घाम लागेर
त्यसमाथि उमेरको भऱ्याङ चढेर ।
पढेको छु तीन-तीन मोड भएका
गणितका घुमाउरा सुत्रहरू
लेख्यो भने पूरा जिन्दगी नै भरिने
अर्थशास्त्रका लामा-लामा परिभाषाहरू
घोकी-घोकी याद गरेको छु
चन्द्रमामा बस्ती बसाल्ने
विज्ञानका सिद्धान्तहरू
ब्रह्माण्डको सत्य ज्ञान सिकाउने
शुद्ध नेपाली व्याकरण
पढ्न त पढेकै हुँ यी सबै-सबै कुराहरू
तर, पढेर के गर्नू
आफ्नै जीवनको जिउने सुत्र नपढेपछि
आफ्नै घरको परिभाषा नबुझेपछि
आफ्नै जीवनको सिद्धान्त नजानेपछि
के गर्नू, आफ्नै जीवनको व्याकरण नबुझ्नेले
ब्रह्माण्डको व्याकरण बुझेर
के गर्नू, यी सबै-सबै कुराहरू पढेर
एकदिन मर्नु पर्नेछ उमेरको भऱ्याङ चढेर
जानुपर्नेछ मरेको दिन
अहमताको बीउ पढाइलाई जलाएर ।

पढ्दा-पढ्दै मान्छे बुढो हुने कुरा झुटा रहेछ
मान्छे बुढो हुँदो रहेछ घाम खाएर
मान्छे माथि पुग्दो रहेछ
उमेरको भऱ्याङ चढेर
अचम्मको छ यो उमेरको भऱ्याङ पनि
देखिँदैन कहीं कतै कहिल्यै पनि
तर, कहिल्यै छोड्दैन मनुष्यलाई
जीवनमा सबै-सबै कुराहरू घटबढ हुदैं जान्छन्
तर, सधैं बढ्ने गर्दोरहेछ उमेरको भऱ्याङ
जो देखिँदैन, जो भेटिँदैन
जति पढे पनि रोक्न सकिदैंन
उमेरको भऱ्याङलाई
जति कमाए पनि किन्न सकिदैंन
उमेरको भऱ्याङ
जीवनको सबैभन्दा ठूलो भऱ्याङ हो
उमेरको भऱ्याङ ।

# सिनेमा हलमा हिन्दी र अंग्रेजी फिल्मकै दबदबा



काठमाडौं/ नेपाली चलचित्रका निर्माताले बल्ल भन्न थालेका छन् कि, दशैंजस्तो ठूलो चाड यसपटक गुमायौं ।

हिन्दी चलचित्र नआएसम्म नेपाली चलचित्र चल्ला कि नचल्ला भनेर पर्खिरहेका निर्माताहरु त्यतिबेला छक्क परे, जतिबेला बलिउड चलचित्र 'सूर्यवंशी'ले नेपाली सिनेमा हलबाट पैसा मज्जाले उठायो ।

अहिले अधिकांश निर्माताहरु दशैंमा चलचित्र रिलिज नगर्नु गल्ती भएको बताउन थालेका छन् । तर, दशैं र तिहारजस्ता ठूला चाडपर्व यस वर्षका लागि बिदा भइसकेका छन् ।

अहिले मल्टिप्लेक्समा नेपाली चलचित्रको टिकट खोज्न जाने दर्शक हलमा कुनै पनि चलचित्र नदेखेर छक्क पर्नुपर्ने अवस्था छ । कारण, चलचित्र 'डाँडाको वर पीपल'पछि मल्टिप्लेक्समा कुनै पनि नेपाली चलचित्र चलेका छैनन् । यो क्रम अझै केही समय रहने देखिएको छ । मंसिर १६ गतेबाट चलचित्र 'ओभरडोज' रिलिज हुँदैछ । तर, नेपाली चलचित्रको उपस्थिति बलियो रुपमा हलमा हेर्नका लागि पुस २ गतेबाट रिलिज हुन लागेको चलचित्र 'चपली हाइट ३'लाई नै कुर्नुपर्ने हुन्छ ।

दुई साताअघि रिलिज भएको बलिउड चलचित्र 'सूर्यवंशी'को दबदबा हलमा अझै कायम छ । मल्टिप्लेक्समा यो चलचित्रले तेस्रो हप्तामा पनि उल्लेख्य शो पाएको छ । यसैबीच शुक्रबारबाट चलचित्र 'बन्टी और बब्ली २' रिलिज भएको छ । यो चलचित्रले पनि हलमा बलियो उपस्थिति जनाएको छ ।

कमेडी जनराको सैफअली खान, रानी मुखर्जी लगायत कलाकारको अभिनय रहेको यो चलचित्रले पनि दर्शकलाई हलसम्म तान्ने विश्वास गरिएको छ । यीबाहेक मल्टिप्लेक्समा तीनवटा अंग्रेजी चलचित्र पनि चलिरहेका छन् । - अनलाईनखबर

# पर्यटन प्रवर्द्धन गर्न छलफल

पोखरा (रासस)/नेपाल-बंगलादेशबीच पर्यटन प्रवर्द्धनदेखि व्यावसायिक साझेदारी लगायतका विषयमा यहाँ छलफल भएको छ । पोखरा पर्यटन परिषद्को समन्वयमा प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरले पाटा बंगलादेश च्याप्टरको सहकार्यमा 'नेपाल-बंगलादेश पर्यटन प्रवर्द्धन एन्ड बी टू बी एक्सचेन्ज कार्यक्रम' पहिलो चरण यहाँ सम्पन्न भएको हो ।

सो कार्यक्रममा नोभेम्बर १६ देखि २१ सम्म गन्तव्य प्रवर्द्धनदेखि व्यावसायिक साझेदारी एवं प्रवर्द्धनका विषयमा छलफलअन्तर्गत पाटाको टोलीले यहाँका पर्यटन व्यवसायीसँग सो विषयमा छलफल गरेको परिषद्का महासचिव रामचन्द्र शर्माले जानकारी दिए । उनका अनुसार कार्यक्रममा पाटा बंगलादेश च्याप्टरका अध्यक्ष शहीद हमिद र महासचिव तफिक रेहेमानसहित पर्यटन व्यवसायीको टोलीले पोखराका पर्यटन व्यवसायीसँग छलफल गरेका थिए ।

उक्त टोलीमा बंगलादेशका टुर अपरेटर, मिडिया र युनिभर्सिटीका पाटा स्टुडेन्ट च्याप्टरका प्रतिनिधि पनि सहभागी छन् । क्षेत्रीय पर्यटन प्रवर्द्धनअन्तर्गत हुन लागेको बी टु बी (बिजनेस टू बिजनेस) सम्झौताका लागि यो टोली नेपाल आइपुगेको हो ।

कार्यक्रमअनुसार नोभेम्बर १७ देखि १९ सम्म पोखराको प्रमुख गन्तव्यको अवलोकन पोखराका पर्यटन व्यवसायी र सरोकारवाला व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम गरिने पाटा नेपालका प्रमुख कार्यकारी अधिकृत सुरेशसिंह बुडालले जानकारी दिए । उनले आर्थिक सम्बन्ध दरिलो बनाउन दुई देशबीचका पर्यटकीय क्षेत्रको प्रवर्द्धन व्यनवसायिक साझेदारीमा सम्भाव्यताको खोजीका लागि कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गरे । उनका अनुसार यसपछि काठमाडौंमा बी टू बी कार्यक्रममा 'डेस्टिनेसन इनसाइड'बारे प्रस्तुतीकरण गरिनेछ ।

बंगलादेश पाटा च्याप्टरका अध्यक्ष साहिद हमिदले कोभिडका चपेटामा परेको पर्यटन प्रवर्द्धनका लागि नवीनतम सोच र अवधारणा खाँचो औँल्याउँदै क्षेत्रीय पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने बताए ।

उनले आन्तरिक पर्यटन मुलुकको मेरुदण्ड भएकाले सन् २०२२ का लागि क्षेत्रीय सहकार्य गरेर अघि बढ्न जरुरी रहेको जनाउँदै अहिलेको प्राथमिकता भनेको 'सर्ट हल फ्लाइट' हुने अन्तर्राष्ट्रिय बजार रहेको प्रस्टयाए । पाटा नेपालले निकट भविष्यमा भारत, श्रीलंका, भूटान, म्यान्मार लगायत मुलुकसँग दुईतर्फी क्षेत्रीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य राखेको उनले जानकारी दिए ।

परिषद्का पूर्वअध्यक्ष एवम् कार्यक्रम संयोजक टीकाराम सापकोटाले भौगोलिक दूरीका हिसाबले २७ किलोटिर टाढा रहेको बंगलादेशसँग नेपालले साझेदारीमा आर्थिक समृद्धिका लागि धेरै कार्य गर्न सक्ने जानकारी दिए ।

उनले कोरोनापछि दुई देशबीचको नेटवर्किङका लागि भएको यस कार्यक्रमले आगामी दिनमा दुई देशबीच पर्यटन प्रवर्द्धनलगायत व्यवसायिक साझेदारीमा काम गर्न सकिने बताए । कार्यक्रममा यहाँका पर्यटन व्यवसायी र सरोकारवालाको सहभागिता थियो ।

# योग स्वस्थ जीवनका लागि उत्तम माध्यम हो : प्रधानमन्त्री देउवा

काठमाडौं (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवाले योग र ध्यान स्वस्थ जीवनका लागि उत्तम माध्यम भएको बताउँदै विश्वले नै योगलाई आत्मसात् गरेको बताएका छन् । पतञ्जलि योगपीठ नेपाल अन्तर्गत नवनिर्मित रत्न सर्राफ भवन, पतञ्जलि नेपाल र आस्था नेपाल टिभी तथा स्वदेशी समृद्धि कार्डको उद्घाटन गर्दै उनले आयुर्वेद औषधि विश्वले नै मानिसकेको र यसको कुनै असरसम्मेत नभएकालेयो जीवनोपयोगी भएको धारणा व्यक्त गरे ।



प्रधानमन्त्री देउवाले योग र ध्यान तथा आयुर्वेद औषधि निर्माण र प्रयोगमा योगऋषि स्वामी रामदेव बाबा र आयुर्वेद शिरोमणि आचार्य बालकृष्णजी महाराजले गरेको अनुसन्धान, प्रचार र योगदानको सराहना गरे । सो अवसरमा प्रधानमन्त्री देउवाले नेपालमा आयुर्वेद औषधि प्रशोधन तथा उत्पादनका लागि गैरनाफामूलक उद्योग स्थापना र सञ्चालन गर्न उनीहरूलाई सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

प्रधानमन्त्री देउवाले बाबा रामदेव र आचार्य बालकृष्ण नेपाललाई माया गर्ने व्यक्ति भएको बताउँदै उनीहरूले नेपाललाई गरेको विभिन्न सहयोगका लागि धन्यवाद दिए । कार्यक्रममा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले बाबा रामदेव र आचार्य बालकृष्णले योगबाट नयाँ क्रान्ति, साधना योगबाट समाजलाई निरोगिता र आरोग्यबाट उद्योगतिर रुपान्तरण गरेकाले उनीहरू ठूलो क्रान्तिकारी भएको बताए । अध्यक्ष दाहालले नेपाल जडीबुटीको भण्डार भएको र उनीहरूले नेपालमा त्यसको प्रशोधन र उत्पादनका लागि उद्योग खोल्ने योजना महत्वपूर्ण भएको बताउँदै नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा गरेको योगदानका लागि धन्यवाद दिए ।

विद्यार्थीको पठनपाठन लागि स्थापना गरिएको रत्न सर्राफ भवन, पतञ्जली नेपाल र आस्था नेपाल टिभी तथा स्वदेशी समृद्धि कार्डको उद्घाटनले नेपाली समाजमा नयाँ प्रेरणा प्रदान गर्ने र यस कार्यले सबैमा नयाँ ऊर्जा प्राप्त भएको उनका भनाइ थियो । पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आयुर्वेद औषधि र प्राकृतिक चिकित्साको बेग्लै महत्व रहेको उल्लेख गर्दै यो र आधुनिक विज्ञानको संयोजन गरी अघि बढे मानव स्वास्थ्यका क्षेत्रमा ठूलो उपलब्धि हासिल हुने बताए । उनले योग गर्न सुरु गरेपछि आफ्नो स्वास्थ्यमा भएको सुधारको स्मरण गर्दै सबैको जीवनमा योग र साधनाको ठूलो महत्व रहेको बताए ।

कार्यक्रममा भर्चुअल माध्यमबाट जेडिएका भारत सरकारका केन्द्रीय सडक परिवहन एवं राजमार्ग मन्त्री नितिन गडकरीले कोभिड-१९ बाट विश्व नै आक्रान्त भएका बेला पतञ्जलीजस्ता संस्थाले योगविज्ञान र आयुर्वेदका माध्यमबाट समाजमा गरेको सहयोग र मानिसमा सकारात्मक भावना उत्पन्न गर्नेलगायत काम गरेको भन्दै प्रशंसा गरे । उनले बाबा रामदेव र आचार्य बालकृष्णले नेपाल र भारतका जडीबुटीमा अनुसन्धान, प्रशोसन, उत्पादन, औषधि निर्माण गरी मानव जीवनमा राहतको महत्वपूर्ण काम गरेको बताए ।

नेपाल र भारतबीचको सम्बन्ध निकै पुरानो रहेको बताउँदै उनले दुई देशबीचको संस्कृति इतिहास र विरासत नै शक्ति भएको र यसलाई बढाउन दुवै देशबाट विभिन्न प्रयास हुँदै आएको उल्लेख गरे । सो अवसरमा उनले अयोध्या-जनकपुर जोड्ने ४३६ किमी रामजानकी सडक र बुद्ध सर्किटमा पर्ने विभिन्न सडकको निर्माण भारत सरकारले तीव्र गतिमा गरिरहेको अवगत गराउँदै यसले दुई देशका संस्कृति सम्बन्ध निर्माण तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हासिल हुने धारणा व्यक्त गरे ।

बाबा रामदेवले योग, आरोग्य, प्रणायाम र आयुर्वेद औषधिका लागि नेपाल राजधानीका रुपमा दुनियाँको आकर्षणको केन्द्र बन्ने विश्वास व्यक्त गरे । साथै उनले सबै मानिस एक ईश्वरका सन्तान भएको उल्लेख गर्दै सबै प्रकारका भेदभाव हटाएर सबै समान भन्ने भावनाका साथ अघि बढ्न आग्रहसमेत गरे । आचार्य बालकृष्णले पतञ्जलिका माध्यमबाट नेपालमा गर्न लागेको योजनाबारेमा जानकारी गराएको थियो ।

# गरेनन् पोल भाडा सम्झौता: बढेको मूल्य फिर्ता लिन सेवाप्रदायक कम्पनीको माँग

काठमाडौं (रासस)/ नेपाल विद्युत् प्राधिकरणले कुनै पनि इन्टरनेट सेवा प्रदायक कम्पनीले पोल भाडा सम्झौता नगरेको जनाएको छ । तोकिएको समय कात्तिक मसान्तसम्म कुनै पनि सेवा प्रदायक कम्पनी पोलभाडा सम्झौताका लागि नआएको प्राधिकरणले जनाएको छ ।




लामो समयको विवादपछि प्राधिकरण र नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायक कम्पनीलाई पोल भाडा सम्झौताका लागि कात्तिक मसान्तसम्मको समय दिइएको थियो । तोकिएको समयमा प्राधिकरणले भनेअनुरुप कुनै पनि सेवाप्रदायक कम्पनीले पोल भाडा सम्झौता गर्न नआएको प्राधिकरणको ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिए ।

उनका अनुसार पोल भाडा सम्झौता नै नगरी केही कम्पनीले बक्यौता रकम खातामा जम्मा गरेको पाइएको छ । "दुई चारवटा कम्पनीले पोल भाडा सम्झौता नै नगरी हाम्रो खातामा पैसा जम्मा गरेको देखिएको छ, त्यसलाई हामीले मान्दैनौँ", उनले भने, "हामीले उनीहरूको वास्तविक संरचना कति छ, ती कुराका आधारमा सम्झौता गरेपछि मात्र पैसा लिने हो । सम्झौता नै नगरी पैसा खातामा राखेर सेवाप्रदायक कम्पनी उम्किन खोजेको देखिन्छ, त्यसलाई हामीले मान्दैनौँ ।" उनले पोल भाडा सम्झौताका लागि इन्टरनेट सेवा प्रदायक कम्पनीले बेवास्ता गर पछि नियामक निकायका रुपमा रहेको विद्युत् प्राधिकरणसँग छलफल गरी निष्कर्ष निकालिने जानकारी दिए ।

प्राधिकरणको तथ्याङ्क अनुसार डिसहोम, एनसेल, सिजी र केही मात्रामा नेपाल टेलिकमबाहेक अन्य सेवाप्रदायक कम्पनीले पोल भाडा रकम भुक्तानी गरेका छैनन् । अन्य कम्पनीको तुलनामा एनसेलले नियमित जस्तै रकम बुझाउने गरेको जनाइएको छ । इन्टरनेट सेवा प्रदायक कम्पनीका रुपमा दूरसञ्चार प्राधिकरणबाट १३३ वटा कम्पनीले इजाजत लिएका छन् ।

**रकम भुक्तानी गरिसकेका छौँ: आइस्पान**

इन्टरनेट सेवा प्रदायक संघ नेपाल (आइस्पान) का अध्यक्ष सुधीर पराजुलीले प्राधिकरणलाई पुरानो बक्यौता रकम भुक्तानी गरिसकेको जानकारी दिए । "सेवा प्रदायक कम्पनीले पोल प्रयोग गरेको रकम भुक्तानी गरेनन् भन्ने हामीलाई आरोप लगाइएको थियो । अहिले अधिकांश सेवा प्रदायक कम्पनीले पुरानो बक्यौता रकम भुक्तानी गरिसकेको भन्ने जानकारी आएको छ", उनले भने, "बक्यौता रकम भुक्तानीसँगै हामीले विद्युत् प्राधिकरणलाई पोल प्रयोगको विषयमा जानकारी गराइसकेका छौँ ।"

उनले इन्टरनेट सेवा प्रदायक कम्पनीले सम्बन्धित वितरण केन्द्रमा पोल प्रयोगको विषयमा जानकारी गराएको बताए । उनले विद्युत् प्राधिकरणले किलोमिटरका आधारमा पोल भाडा सम्झौता गर्नुपर्ने सर्त राखेको भन्दै सेवासम्झौता नगर्ने अडान राखे । "जबसम्म पोल भाडा विवादको सम्बन्धमा गठन गरिएको समितिले प्रतिवेदन बुझाउँदैन, तबसम्म हामी किलोमिटरका आधारमा पोल भाडा सम्झौता गर्न तयार हुँदैनौँ," उनले भने ।

प्राधिकरणले २०७७ मा काठमाडौं लगायतका सहरी क्षेत्रमा दोब्बर र ग्रामीण भेगमा आठ गुणाभन्दा बढीले पोलको भाडा बढाएको भन्दै सेवाप्रदायक कम्पनीहरूले बढेको मूल्य फिर्ताको माग गर्दै आएका छन् ।

बढेको मूल्य फिर्ता नहुँदासम्म बक्यौता रकम भुक्तानी नगर्ने सेवाप्रदायक कम्पनीले अडान राख्दा विद्युत् प्राधिकरणले इन्टर नेटको तारसमेत काटेको थियो । पटक/पटक सूचना प्रकाशन गरी बक्यौता रकम भुक्तानी गर्न आग्रह गर्दासमेत बेवास्ता गरेको भन्दै प्राधिकरणले इन्टरनेटको तार काटेको थियो ।

इन्टरनेटको तार काटिएपछि पोल भाडा विवादलाई दीर्घकालीन समाधान गर्न सञ्चार मन्त्रालयले सहसचिवको नेतृत्वमा ६ सदस्यीय समिति गठन गरेको छ । सो समितिलाई पोल भाडा विवाद समाधानका लागि मंसिर १५ गतेसम्म प्रतिवेदन बुझाउने समय दिइएको छ ।

# श्रमिक ठगिनु हुँदैन भन्नेमा दृढ छु : मन्त्री श्रेष्ठ

काठमाडौं (रासस)/ श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारीलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाइने बताएका छन् ।



वैदेशिक रोजगार बोर्डको सहयोगमा वैदेशिक रोजगार पत्रकार समाजले आयोजना गरेको 'वैदेशिक रोजगारको वर्तमान अवस्था र सुधारका प्रतिबद्धता' विषयक अन्तरक्रियामा उनले वैदेशिक रोजगार क्षेत्रलाई बेथिती मुक्त बनाउने प्रतिबद्धता व्यक्त गरे ।

"वैदेशिक रोजगारीमा जाने कुनै पनि श्रमिक ठगिनु हुँदैन भन्नेमा म दृढ छु", उनले भने, "यस क्षेत्रलाई व्यवस्थित बनाउन भएका कानूनलाई कडाइका साथ कार्यान्वयन गरिन्छ ।" वैदेशिक रोजगारीका क्रममा नेपाली श्रमिक ठगिने क्रम नरोकिएको स्वीकार गर्दै उनले ठगीमा परेका श्रमिकको कुरा नसुनी आफूले कुनै पनि मुद्दाको पुनरावलोकन नगर्ने बताए ।

उनले भने, "पीडितलाई न्याय दिलाउन मन्त्रालय र वैदेशिक रोजगार विभाग कटिबद्ध छ ।" वैदेशिक रोजगारीमा सीपयुक्त जनशक्ति पठाउनुपर्ने, वैदेशिक रोजगारबाट फर्केका युवाको सीप परीक्षण, वैधानिक तवरबाट विप्रेषण भित्र्याउन सरकारले कुनै कसर बाँकी नराख्ने उल्लेख गर्दै मन्त्री श्रेष्ठले वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको पुन: एकीकरणसम्बन्धी निर्देशिका छिट्टै मन्त्रालयबाट स्वीकृत हुने बताए । मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमले वैदेशिक रोजगारीका लागि तोकिएको सेवा शुल्कभन्दा बाहिर ठूलो र कमको कारोबार हुने गरेको र त्यसबाट राज्य र श्रमिक दुवै पक्ष ठगिएकाले सेवा शुल्कका बारेमा पुन:विचार हुनुपर्ने बताए ।

सरकारले खाडीसहित केही मुलुकका लागि सेवा शुल्क १० हजार तोकेको छ तर म्यानपावर कम्पनीले श्रमिकसँग तोकिएभन्दा ठूलो रकम लिँदै आएका छन् भन्दै उनले एक महिनाको पारिश्रमिक बराबरको रकम सेवा शुल्क तोक्ने विषयलाई अगाडि बढाउन मन्त्रालयले तयारी गरेको बताए ।

"गन्तव्य मुलुकसँगको श्रम सम्झौतालाई कामदार मैत्री बनाउने र श्रम सम्झौतालाई पार दर्शी बनाउन सरकार लागेको छ", उनले भने, "सीपयुक्त जनशक्ति मात्र वैदेशिक रोजगारीमा पठाउने, विप्रेषणलाई वैधानिक तबरबाट भित्र्याउन सरकारले तयारी गरेको छ ।"

वैदेशिक रोजगार अध्येता रामेश्वर नेपालले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन यससँग सम्बन्धित कानून कार्यान्वयनमा जोडदिनुपर्ने बताए । उनले संस्थागत क्षमता अभिवृद्धि, संरचनात्मक सुधार, श्रमिक मैत्री व्यवहार तथा कर्मचारीलाई श्रम र मानवअधिकारका बारेमा जानकारी दिनुपर्ने उल्लेख गरे । वैदेशिक रोजगारीमा जाने श्रमिकको ज्यान जाने क्रम बढ्दै गएकामा चिन्ता व्यक्त गर्दै उनले श्रमिकको मृत्युका कारणका बारेमा अनुसन्धान गरेर त्यसको समाधान खोज्नुपर्नेमा जोडदिए ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष अशोक रानाले वैदेशिक रोजगार ऐन, विसं २०६४ लाई परिमार्जन गर्न र वैदेशिक रोजगारीबाट फर्केका कामदारको पुन:एकीकरणमा ध्यान दिन आग्रह गरे ।

पौरखी नेपाल संस्थाका मञ्जु गुरुङले घरेलु कामदारका रुपमा महिलामाथिको प्रतिबन्ध तत्काल खुला गर्नुपर्ने बताए । वैधानिकरुपमा वैदेशिक रोजगारीमा जान प्रतिबन्ध लगाउँदा श्रमिक महिला अवैधमार्गबाट विदेशिन बाध्य भएको उल्लेख गर्दै उनले अवैधरुपमा विदेश जाने महिला राज्यबाट पाउने सेवा सुविधाबाट वञ्चित भएको बताए ।

# साहित्यिक पत्रकारहरूको चौथो राष्ट्रिय सम्मेलन काभ्रेमा

बनेपा (रासस)/ नेपाल साहित्यिक पत्रकार संघका पूर्वअध्यक्ष रोचक घिमिरेले साहित्यिक पत्रपत्रिकालाई प्रेस काउन्सिल नेपालको वर्गीकरणमा पारिए पनि विज्ञापन पाउन अझै संघर्ष गर्नुपरेको बताएका छन् ।

नेपाल साहित्यिक पत्रकार संघको काभ्रेपलाञ्चोकको बुडोलमा आयोजना भएको चौथो राष्ट्रिय सम्मेलनमा उनले साहित्यिक पत्रकारिता देशको जेठो पत्रकारिताको रुप धारण गरे पनि त्यसले गति लिन नसक्नुका मुख्य कारण राज्यले आवश्यक सहयोग गर्न नसक्नु रहेको बताएको हो । "साहित्यिक पत्रपत्रिका टिकाउनु राज्यको पनि दायित्व भएकाले काउन्सिलको वर्गीकरणमा पारेर मात्रै नभई त्यसलाई विशेष प्रकारले राज्यले सहयोग गर्न आवश्यक छ," उनले भने ।

नेपाल साहित्यिक पत्रकार संघका अध्यक्ष नगेन्द्रराज शर्माले अब नयाँ आउने कार्यसमितिले साहित्यिक पत्रकारहरूको पक्षमा राम्रो काम गरेको हेरेर रम्न चाहेको बताए । उनले आफ्नो कार्यकालभरिमा सौहार्द्रपूर्ण वातावरणमा काम गरेको उल्लेख गर्दै अबको कार्यकालमा अझ त्योभन्दा बढी राम्रो गर्न शुभकामना दिए ।

संघका उपाध्यक्ष चेतनाथ धमलाले साहित्यिक पत्रकारितालाई राज्यले अझै पनि उपेक्षा गरेको बताए । "अझै पनि साहित्यिक पत्रिका चलाउनु भनेको दल्छिन् ढुङ्गा चपाउन जतिकै जटिल छ", उनले भने, "त्यसबाट मुक्त हुनका लागि कसरी अगाडि बढ्ने भन्ने कार्ययोजना राष्ट्रिय सम्मेलनले बनाउनुपर्छ ।"

# सर्वोच्च अदालतमा तोकियो सबै खाले मुद्दामा पेसी

काठमाडौं (रासस)/ प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले बन्दीप्रत्यक्षीकरणसहित सबै खालका मुद्दामा सुनुवाइका लागि पेसी तोकेका छन् ।

प्रधानन्यायाधीश राणाले दशवटा इजलासमा पेसी तोकेका थिए । उनले आफ्ना लागि कुनै पनि इजलास तोकेका थिएन । पेसीमध्ये नौवटा संयुक्त र एउटा एकल इजलास रहेको छ । कुनै पनि इजलासमा सुनुवाइ भने शुरु भएको छैन ।

प्रधानन्यायाधीश राणासहित सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशको पूर्ण बैठक (फूलकोट) ले बिहीबार गोला प्रणालीसहित नियमावली पास गर्ने निर्णय गरेको थियो । प्रधानन्यायाधीश राणासहित १९ जना न्यायाधीशको पूर्ण बैठकले गोला प्रक्रियासहितको नियमावली र गोला प्रणालीको कार्यविधि बनाउने निर्णय गरेको हो । सर्वोच्च अदालतको नियमावली राजपत्रमा प्रकाशित भएपछि गोला प्रणालीबाट पेसी व्यवस्थापनका लागि बाटो खुलेको छ ।

सर्वोच्च अदालतका न्यायाधीश र नेपाल बार एशोसिएशनले गोला प्रणालीबाट पेसी व्यवस्थापन गर्नुपर्नेलगायत सुझावसहितको सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयन गर्न माग गर्दै आएको थिए । उक्त माग भने पूरा हुने भएको छ । सोही मागसहित विभिन्न मागका कारण गत कात्तिक ७ गते आइतबार मध्याह्नदेखि न्यायाधीशले सुनुवाइ गर्न इन्कार गरेका थिए । सर्वोच्च अदालतको गत कात्तिक ८ गतेदेखि मुद्दाको सुनुवाइ हुन सकेको छैन । बीचबीचमा बन्दीको मुद्दामा मात्र सुनुवाइ भएको छ ।

प्रधानन्यायाधीश राणाले आफूलाई संविधान र कानूनले प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी दिएको र त्यो पूरा गर्न आफू सक्षम रहेको बताउँदै न्यायाधीशलाई पनि संविधान र कानूनबमोजिम आ-आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गरेका छन् ।

प्रधानन्यायाधीश राणाले सोमबार प्रेस विज्ञप्तिमार्फत आन्दोलनरत पक्षको माग सम्बोधनका लागि वार्तामा बोलाउँदै न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनसहित अन्य प्रतिवेदन पनि कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

पछिल्लो केही दिनदेखि न्यायाधीशद्वय तेजबहादुर केसी, कुमार रेग्मी, प्रकाशकुमार ढुङ्गाना, डा कुमार चुडाल, बमकुमार श्रेष्ठ, डा मनोजकुमार शर्माले इजलासमा बन्दीसहित सबै खालका मुद्दाको सुनुवाइ गरिरहेका छन् ।

अदालतमा मुद्दाको चापअनुसार नियमतिरुपमा बेन्च बस्न नसक्दा मुद्दाको सुनुवाइ हुन सकेको छैन । बेन्च बस्न नसक्दा न्यायको पर्खाइमा बसेका सेवाग्राही मर्कामा छन् ।

# सर्वोच्चद्वारा दु:ख व्यक्त

काठमाडौं (रासस)/ सर्वोच्च अदालतले नेपाल बार एशोसिएशनद्वारा बिहीबार सर्वोच्च अदालत परिसरमा आयोजित विरोध कार्यक्रममा भएको घटनाप्रति दु:ख व्यक्त गरेको छ ।




"सर्वोच्च अदालत परिसरमा आयोजित विरोध कार्यक्रमको क्रममा सिर्जना हुन गएको अप्रिय अवस्थाप्रति सर्वोच्च अदालत प्रशासन गहिरो दु:ख व्यक्त गर्दछ", सर्वोच्च अदालतद्वारा आज जारी प्रेस विज्ञप्तिमा भनिएको छ ।

उक्त घटनामा घाइते भएका कानून व्यवसायीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आगामी दिनमा यस्तो अवस्था आउन नदिन अदालत प्रशासन सदैव गम्भीर तथा संवेदनशील रहेको र सम्बद्ध सबैबाट आवश्यक संयमता, सहयोग र समन्वय प्राप्त हुने विश्वास व्यक्त गरेको विज्ञप्ति उल्लेख छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# हेटौंडा अस्पतालमा जसोधाले बोल्न नसक्दा...



‘कान सुन्दिनँ भन्दा पनि झन् जोडले बोल्न लगाउने, बल्लतल्ल म बहिरा हो भनेर बुझाएपछि जाँच गरिदिए ।’

हेटौंडा/हेटौंडाकी जसोधा कँडेल पाँच महिनाअघि गर्भ जँचाउन पहिलोपटक अस्पताल पुगिन् । आफू गर्भ जाँच गर्न आएको भनेर उनले हेटौंडा अस्पतालका नर्सलाई बुझाउन सकिनन् ।

उनी बोल्न सक्ने भएपनि पटक्कै सुन्दिनन् । सञ्चार सम्पर्क गर्न सांकेतिक भाषाको दोभासे चाहिन्छ तर अस्पतालमा दोभासेको सुविधा छैन । उनले कापीमा लेखेर नर्ससँग स्वास्थ्य अवस्थाबारे जानकारी गराउन खोजिन् । ‘कान सुन्दिनँ भन्दा पनि झन् जोडले बोल्न लगाउने, बल्लतल्ल म बहिरा हो भनेर बुझाएपछि जाँच गरिदिए,’ उनले अस्पतालमा भोगेको सास्ती म्यासेन्जरको कुराकानीमा खुलाइन् ।

उनी ६ महिनाकी गर्भवती छिन् । चारपटक गर्भ जाँच गराइसक्दा पटकैपिच्छे नर्स फेरिएका हुन्छन् । त्यति नै पल्ट उनले कापीमा लेखेर ‘आफू बहिरो व्यक्ति हो’ भनेर चिनाउनुपर्छ । ‘कतिपयको अक्षर बुझ्दैन,’ हेटौंडाकै शान्ति बहिरा आधारभूत विद्यालयकी शिक्षिका उनले भनिन्, ‘मैले त यति धेरै झमेला बेहोर्नुपर्छ भने गाउँमा लेखपढ नगरेका, बोल्ने आँट नभएका बहिरा दिदीबहिनीको हालत कस्तो हुँदो हो ?’

‘सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५’ ले प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, प्रसूति तथा नवजात शिशुलगायतका सेवा अपांगतामैत्री हुनुपर्ने व्यवस्था गरेको छ । ‘अपांगता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९’ मा कुनै व्यक्ति, संस्था, समूह वा निकायले बहिरा वा सुस्त श्रवण व्यक्तिसँग सञ्चार वा विचार आदानप्रदान गर्नुपर्ने आवश्यकता भएमा त्यस्तो निकायले दोभासेको व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

तर, हेटौंडाकी जसोधा-जस्ता बहिरा गर्भवती सुत्केरीलाई दोभासे उपलब्ध नहुँदा स्वास्थ्य संस्थामा प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्वको सेवा पाउन कठिन छ । सञ्चार अवरोध र झन्झटकै कारण बहिरा गर्भवती र सुत्केरी स्वास्थ्य संस्था जान हच्किने र धेरैले नियमित जाँचसमेत छुटाउने गरेका छन् ।

‘गर्भावस्था, सुत्केरी भनेको एकदमै संवेदनशील र जटिल अवस्था हो तर अस्पताल पुगेका बहिरा गर्भवती सुत्केरी स्वास्थ्यकर्मीको प्राथमिकतामा पर्दैनन्,’ राष्ट्रिय बहिरा महासंघ नेपालकी वरिष्ठ उपाध्यक्ष सत्यदेवी वाग्ले भन्छिन्, ‘सुत्केरी हुने बेला सुरु भइसकेको हुन्छ, पेट दुख्न थाल्छ, एकछिन पख्नुस् भन्दाभन्दै ज्यानको जोखिम भइसक्छ ।’

आठ वर्षअघि थापाथलीको प्रसूति गृहमा यस्तै नराम्रो घटना भयो । सुत्केरी हुने मिति आएपछि श्रीमानलाई साथै लिएर एक बहिरा महिला अस्पताल पुगिन् । प्रसूति वार्डमा स्वास्थ्यकर्मीले एकछिन जाँच गरेर छाडे । उनलाई पेट दुखाइले गाह्रो बनाइरहेको थियो । श्रीमान् पनि बहिरा भएको कुरा अस्पताल कर्मचारीलाई भन्न सकेनन् । तत्कालै उनको सुत्केरी गराउनेतिर स्वास्थ्यकर्मीको ध्यान पुगेन । साता दिनपछि नवजात शिशु मृत जन्मियो । अस्पतालले पाठेघरमा पानी भरिएर शिशुको गर्भकै मृत्यु भएको जानकारी दियो ।

‘राम्रोसँग सञ्चार सम्पर्क, हेरविचार, संवेदनशीलता र समयमा सुत्केरी गराउन ध्यान पुगेको भए बहिरा जोडीले त्यो नियति भोग्नुपर्ने थिएन,’ वाग्लेले उक्त घटना सम्झँदै भनिन् । त्यसको तीन वर्षपछि ती बहिरा महिला पुन: गर्भवती भइन् । यसपल्ट भने उनीहरूले बहिरा महासंघमा दोभासेको व्यवस्था गरिदिन माग गरे । ललितपुरको पाटन अस्पतालमा नियमित जाँच गर्न र सुत्केरी गराउने बेला महासंघले दोभासे उपलब्ध गरायो । सकुशल छोराको जन्म भयो ।

चार वर्षअघि प्रसूतिगृहमै एक बहिरा महिला सुत्केरी भइन् । अस्पतालबाटै श्रीमान् बेपत्ता भएपछि बहिरा महासंघलाई खबर आयो । सहजीकरणका लागि वरिष्ठ उपाध्यक्ष वाग्ले दोभासे लिएर प्रसूति गृह पुगिन् । ‘अस्पतालमा दोभासे थिए भने उनीहरूले दोहोरो सञ्चार गर्न पाउँथे,’ वाग्लेले गुनासो गरिन्, ‘नेपालमा कुनै सरकारी निकायमा दोभासे नै छैनन् ।’

प्रसूतिगृहकी प्रमुख संगीता मिश्र दोभासेका लागि राज्यले नै नीति बनाउनुपर्ने बताउँछिन् । ‘बहिरा सेवाग्राही कमै आउने भएकाले कुरुवा आएका परिवारका सदस्य/ आफन्तबाटै सहयोग लिएर सेवा प्रवाह गरिरहेका छौं,’ उनले भनिन्, ‘प्रत्येक स्वास्थ्य संस्थामा दरबन्दी सिर्जना गरेर दोभासे राख्न सरकारी नीति लागू गर्नुपर्‍यो ।’

थापाथली प्रसूतिगृह देशकै पहिलो र पुरानो प्रसूति अस्पताल हो । यहाँ वार्षिक २२ हजारदेखि २५ हजार आमाले बच्चा जन्माउँछन् । सरकारी अस्पतालमा मात्रै होइन, निजी अस्पतालले पनि दोभासे सेवामा ध्यान दिएका छैनन् । थापाथलीस्थित ‘नर्भिक इन्टरनेसनल अस्पताल’ ले बहिरा सेवाग्राही आउँदा चिकित्सक, नर्स तथा कर्मचारी आफैंले संकेत गरेर सञ्चार गर्ने गरेको प्रवक्ता सोमनाथ बाँस्तोलाले बताए ।

‘यहाँ दोभासे राख्ने व्यवस्था छैन, उहाँहरू कमै पनि आउनु हुँदोरहेछ,’ उनले भने, ‘आइहाल्नुभएको खण्डमा डाक्टर आफैंले बुझाउने कोसिस गरेर सेवा दिनुहुन्छ ।’

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलले यो विषय संवेदनशील भए पनि दोभासे सेवा लागू गर्नेबारे सरकारबाट निर्देशन आएको बारे जानकारी नभएको बताए । ‘अहिल्यै पनि समग्र प्रसूति सेवाको लक्ष्य पूरा गराउन सकिरहेका छैनौं, गर्नुपर्ने काम धेरै छन्, आवश्यकता र माग बढ्दै जाँदा दोभासे सेवालाई सम्बोधन गर्दै जानुपर्ने हुन्छ,’ उनले भने ।

स्वास्थ्य सेवाजस्तो आधारभूत सेवा पाउने निकायमा दोभासे नहुँदा झन्झट र जोखिम झेल्दै आएकालाई बहिरा महासंघ र जिल्लास्थित बहिरा संघले सहयोग गर्दै आएका छन् । दोभासेलाई महासंघले भाषा अनुवाद गरे बापतको पारिश्रमिक दिन्छ । उपत्यकाका तीन जिल्लाबाट महिनामा तीनदेखि पाँच जना बहिरा गर्भवती र सुत्केरी ‘अस्पताल जानु छ, दोभासे चाहियो’ भन्दै भृकुटीमण्डपस्थित महासंघ कार्यालय आइपुग्छन् । राजधानीमै भए पनि सधैं दोभासे पाइँदैनन् ।

बहिरा महासंघका अनुसार अल्पकालीन तालिम (६ महिने) लिएका तथा बहिरा व्यक्तिसँग कुराकानी गर्दागर्दै दोभासे भएकाहरू देशभर २८ जना मात्रै छन् । महासंघले सकेसम्म परिवारका सदस्यसँग अस्पताल जान सुझाउँछ । कोही सहयोगी नभएको अवस्थामा मात्रै दोभासे उपलब्ध गराउँछ ।

बहिरा महासंघका महासचिव सन्तोष केसी भन्छन्, ‘स्वास्थ्य संस्थालगायत सरकारी र सार्वजनिक निकायले अनिवार्य रूपमा नि:शुल्क दोभासे सेवा लागू गर्नुपर्छ ।’ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रवक्ता उमेश ढुंगानाले सार्वजनिक थलोमा सांकेतिक भाषा र दोभासेको सवालमा दीर्घकालीन योजना बनाउने बताए । *(इकान्तिपुरबाट)*

## डिएसपी बस्नेत बने प्रदेश उत्कृष्ट प्रहरी




साझाकुरा संवाददाता


हेटौंडा/बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले कार्तिक महिनाको उत्कृष्ट प्रहरीको नाम सार्वजनिक गरेको छ ।

कार्यालयले सार्वजनिक गरेअनुसार प्रहरी नायव उपरीक्षक (डिएसपी) दक्षकुमार बस्नेत उत्कृष्ट प्रहरी घोषित भएका छन् । जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा दरबन्दी भई कार्यरत बस्नेतलाई सुम्पिएको जिम्मेवारी अनुशासित ढंगबाट कार्यसम्पादन गरेको भन्दै महिनाको उत्कृष्ट प्रहरी घोषणा गरिएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालयले प्रदेशभरका उत्कृष्ट प्रहरी छनोट गर्नुका साथै हरेक प्रहरी इकाईलाई हरेक महिनाको उत्कृष्ट प्रहरी छनोट गरी सम्मान गर्न समेत निर्देशित गरेको छ ।

बस्नेतले कार्तिक १८ गतेका दिन सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-१, खार्च्युङमा हत्या र लुटपाटको घटनामा संलग्नलाई पक्राउ गरी कारवाहीको दायरामा ल्याउन उत्कृष्ट कार्य गरेकोले सम्मान गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

## शुक्रबार मकवानपुरमा थपिए ६ जना कोरोना संक्रमित



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा शुक्रबार ६ जना कोरोना संक्रमित थपिएका छन् ।

५० जनाको पीसीआर विधिबाट परीक्षण गर्दा ५ र ६ जनामा गरिएको एन्टिजेन विधिबाट परिक्षण गर्दा १ जनामा संक्रमण पुष्टि भएको हो । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार संक्रमण पुष्टि हुनेमा हेटौंडा उप-महानगरपालिका २ जना रहेका छन् ।

२४ घण्टा अवधिमा जिल्लामा संस्थागत आइसोलेसनमा उपचाररत १ जना कोरोना संक्रमित कोरोनामुक्त भएको छ । हालसम्म कोरोनामुक्त हुनेको कुल संख्या १५ हजार १ सय ८२ जना पुगेको छ । जिल्लामा अहिले ३४ जना सक्रिय संक्रमित रहेका छन् । जसमध्ये ३२ जना होम आइसोलेसनमा र २ जना संस्थागत आइसोलेनमा उपचाररत् छन् ।

यस्तै, थाहा नगरपालिका, मकवानपुरगढी गाउँपालिका, भीमफेदी गाउँपालिका र बकैया गाउँपालिकाका समान १-१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

मकवानपुरमा हालसम्म कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ४ सय ४३ जना पुगेको छ ।

## थाहा नगरमा सार्वजनिक सुनुवाइ



साझाकुरा संवाददाता

हेटौंडा/इलाका प्रहरी कार्यालय पालुङले थाहा नगरमा नागरिक सुनुवाई कार्यक्रम गरेको छ ।

शुक्रबारमा आयोजित कार्यक्रममा पालुङ प्रहरी प्रमुख ( प्रहरी निरीक्षक) श्रीराम तिमिल्सिनाले प्रहरीले गरिरहेको नियमित गतिविधि तथा थाहा नगरमा हुने गरेको अपराधिक गतिविधिको बारेमा स्पष्ट पारे । प्रहरी निरीक्षक तिमिल्सिनाले साइवर अपराध, मापसेले समाजमा पारिरहेको असर, नागरिकको आनीबानीले पारिरहेको असर लगायतका बारेमा स्पष्ट पारे ।

कार्यक्रममा सहभागीहरुले थाहानगरमा युवाहरु दूर्व्यशनमा फस्ने गरेको, भट्टीहरुमा राती अबेर सम्म होहल्ला हुने गरेको, स्थानीय औषधि पसलहरुमा दुर्व्यसनीका औषधिहरु समेत विक्री गर्ने गरेको गुनासो राखेका थिए । नागरिकको जिज्ञासाको जवाफ दिदै प्रहरी निरीक्षक तिमिल्सिनाले तत्काल बजार अनुगमन गरेर समस्या समाधान गर्ने बताए ।

कार्यक्रममा थाहा नगर प्रमुख लबशेर विष्टले जनता स्वयं बर्दी बिनाको प्रहरी रहेको हुँदा अपराध रहित समाजको निर्माणका लागि सबै सजग रहन अपिल गरे । कार्यक्रमा थाहा नगरपालिका प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, सामुदायिक प्रहरी सेवा केन्द्रका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, वडाध्यक्षहरु गुप्तबहादुर कार्की र राजेश केसीको आतिथ्यता रहेको थियो ।

**पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा फोन गर्न अनुरोध छ ।**

## सामाजिक सुरक्षाबारे हेटौंडामा अन्तर्क्रिया

साझाकुरा संवाददाता

हेटौंडा/अन्तराष्ट्रिय बालअधिकार दिवसको अवसरमा सामाजिक सुरक्षा नागरिक नीतिगत अवस्था र सरोकारवालको भूमिका विषयक हेटौंडामा शुक्रबार सामाजिक सुरक्षा नागरिक समाज संजालको आयोजनामा अन्तर्क्रिया भएको छ ।

कार्यक्रममा सामाजिक सुरक्षा कार्यक्रमको नीतिगत अवस्था र सरोकारवालाको भुमिकाको बारेमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका पूर्वमहानिर्देशक बसन्तराज गौतमलले प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईं, बागमती प्रदेश सांसद जुनेली श्रेष्ठ, हेटौंडा उपमहानगरपालिका महिला शाखाका प्रमुख जगन्नाथ सापकोटा, महिला बालबालिका तथा जेष्ठ नागरिक प्रमुख एवम प्रहरी निरीक्षक चुडा कुमारी खड्का, नगरी किशोरी सञ्जालकी अध्यक्ष एलिसा खड्का लगायत विभिन्न संघ संस्थाको पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

सामाजिक सुरक्षा नागरिक समाज संजालका अध्यक्ष तिलोत्तम पौडेलको सभाध्यक्षतामा भएको अन्तरक्रियामा बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो ।

**तुरुन्त चाहियो**

१. पद : Office Assistant
संख्या : २
योग्यता : न्युनतम S.L.C. पास
तलब : १०,०००/- + खाजा भत्ता

२. पद : Office Manager
संख्या : ३
योग्यता : स्नातक (Bachelor पास)
तलब : २५,०००/- + भत्ता

इच्छुक महिला तथा पुरुष महानुभावहरुले यहि मंसिर ६ गते सोमबार बेलुकी ४ बजे सम्ममा आफ्नो सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरु सहित कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

फाइनल अर्न्तवार्ता : मंगलबार विहान १०:०० बजे ।

सम्पर्क
LIC Councilling Office
अजरअमर रोड, हेटौंडा
Front of Everest Bank
056-590905, 9856028045

चितवन मेडिकल कलेज, CMC भरतपुरका
वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ
**डा. प्रकृति सिटैला**
अब
**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै:-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरूमा हुने सम्पुर्ण समस्याहरूमको चेक-जाँच,उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि,**
फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।

**राष्ट्रिय जनगणना २०७८ मा सहभागी हुनुभयो ?**

हुनुभएको छैन भने,

➤ नजिकको जनगणना कार्यालय, वडा कार्यालय वा गणकसँग सम्पर्क राख्नुहोला ।

➤ यदि मंसिर ८ गतेसम्म गणकहरु तपाईको घरपरिवारमा आएनन् भने टोल फ्रि (नि:शुल्क) नं. ११७८ मा सम्पर्क गर्नुहोला ।

**मकवानपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

**बागमती प्रदेश जनगणना कार्यालय,**
**हेटौंडा, मकवानपुर**

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

**निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्**

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब

हामीलाई सम्झनुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, बाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**“तपाई, हामी सबैको कुरा”**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: *www.sajhakuranews.com*
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल